नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

## प्रेस विज्ञप्ति

मिति : ..............................

आज मिति २०७३।१०।११ मङ्गलबारका दिन नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीज्यूको संयोजकत्वमा अपाङ्गता भएका व्यक्तिहरूविरुद्ध हुने भेदभाव अन्त्य र उनीहरूको उत्थान, विकास र अधिकार प्रवर्द्धनसम्बन्धी संयन्त्र, २०६८ बमोजिम गठित केन्द्रीय निर्देशक समितिको बैठक बसी बैठकले देहायबमोजिम निर्णय गरेकाले सम्बन्धित सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१) अपाङ्गता भएका व्यक्तिहरूविरुद्ध हुने भेदभाव अन्त्य र उनीहरूको उत्थान, विकास र अधिकार प्रवर्द्धनसम्बन्धी संयन्त्र, २०६८ बमोजिम गठित सल्लाहकार समिति र केन्द्रीय निर्देशक समितिको विगतमा बसेका बैठकले गरेका निर्णयहरूको कार्यान्वयको अवस्था बारे तथ्याङ्कमा आधारित प्रगति विवरण सबै मन्त्रालय/निकायले २०७३ माघ मसान्तभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने ।

२) महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट स्वीकृत मापदण्ड तथा निर्देशिकाबमोजिम (ख) वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई दिइने सामाजिक सुरक्षा भत्ता रकम कोटा प्रणालीमा दिइँदै आएकोमा यसमा समयसापेक्ष बनाउने सम्बन्धमा यसअघि भएका निर्णयसमेतका आधारमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने ।

३) अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनका लागि सबै प्रदेशमा एक/एक वटा सामुदायिक पुनःस्थापन केन्द्र बनाउने सम्बन्धमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले आवश्यक अध्ययन तथा पहल गर्ने ।

४) सार्वजनिक सवारी साधनमा अपाङ्गता भएका व्यक्तिका लागि भएको आरक्षित सिटको कार्यान्वयनको स्थिति बारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले अनुगमन गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गराउने ।

५) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सार्वजनिक सडकलाई अपाङ्गमैत्री बनाउन सडकको रेखाङ्कन र डिजाइन गर्दाकै बखत अपाङ्गमैत्री बनाउने प्रावधान राख्ने व्यवस्था मिलाउने ।

६) सबै मन्त्रालय/निकायले आगामी वर्षको नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अपाङ्गता भएका व्यक्तिहरूका लागि दीर्घकालीन र अल्पकालीन रूपमा कार्यान्वयन गर्न सकिने कार्यक्रमहरू तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

७) सार्वजनिक प्रकृतिका सबै संरचना (भवन, अस्पताल, शौचालय, सभागृह, चलचित्र भवन, व्यापारिक मल, बस टर्मिनल, खेलकुद कम्प्लेक्स आदि) लाई अपाङ्गमैत्री बनाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सहरी विकास मन्त्रालयलाई निर्देशन दिने ।

२०७३ माघ ११ गते

..............................
दामोदर रेग्मी
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np